# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, कार्त्तिक २५ गते, २०७६ साल (संख्या ३१

## भाग ३

## सर्वोच्च अदालतको सूचना

### फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) (पहिलो संशोधन) नियमावली, २०७६

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) (पहिलो संशोधन) नियमावली, २०७६"रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ३ मा संशोधन:</u>** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) कुनै व्यक्ति कुनै कसूरमा अदालतबाट कसूरदार ठहर भई ऐनको दफा ९ बमोजिम सजाय निर्धारणको लागि छुट्टै सुनुवाई गर्नुपर्ने भएमा अदालतले सो प्रयोजनको लागि तीस दिनमा नबढ्ने गरी पेशी तारिख तोक्नु पर्नेछ।

तर तत्काल प्रचलित कानूनबमोजिमको कार्यविधि अपनाई सुरु तहको अदालतबाट फैसला भईसकेको वा कुनै अदालतमा सजाय निर्धारणको लागि एक पटक छुट्टै सुनुवाई भईसकेको कसूरको कसूरदारलाई सोही कसूरमा माथिल्लो तहको अदालतबाट सजाय निर्धारण गर्ने प्रयोजनका लागि छुट्टै सुनुवाई गर्नुपर्ने छैन।"

आज्ञाले,
लालबहादुर कुँवर
रजिष्ट्रार
सर्वोच्च अदालत